जि.प्र.का काठमाडौं दर्ता नं. १०२६/२०६०-०६१
स.क.प. आवद्धता नं. १६४२४/२०६०-०६१

# खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, नेपाल
# Federation of Drinking Water and Sanitation Users Nepal (FEDWASUN)

प.सं. १९६/०७१/०७२ मिति: २०७१/१०/२८

श्री खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, नेपाल

जिल्ला शाखा पाँचथर, इलाम, झापा, मोरङ्ग, सुनसरी, धनकुटा, संखुवासभा, उदयपुर, खोटाङ्ग, सिरहा, धादिङ्ग, मकवानपुर, काभ्रेपलाञ्चोक, सिन्धुली, रामेछाप, काठमाण्डौ, भक्तपुर, ललितपुर, दोलखा, चितवन, रौतहट, सर्लाही, बागलुङ्ग, म्याग्दि, पर्वत, नवलपरासी, गुल्मी, रुपन्देही, कास्की, लमजुङ्ग, तनहुँ, गोरखा, अर्घाखाँची, कपिलवस्तु दाङ्ग, प्युठान, सुर्खेत, दैलेख, बाँके, बर्दिया, रोल्पा, जुम्ला, हुम्ला, जाजरकोट, कालिकोट, रुकुम, मुगु, डोल्पा, सल्यान बैतडी, दार्चुला, डोटी, डडेलधुरा, अछाम, बझाङ्ग, बाजुरा, कैलाली, कञ्चनपुर ।

**विषय: जिल्ला अधिवेशन तथा महाधिवेशन प्रतिनिधी सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस महासंघबाट मिति २०७१ मंसिर २९ गते प्रेसित पत्रमा २०७१ माघ १५ गतेभित्र जिल्ला अधिवेशन सम्पन्न गरी महासंघको केन्द्रमा जानकारी पठाउन तहाँ जिल्ला शाखाहरुलाई पत्राचार गरिएकोमा हालसम्म पनि ति जिल्लाहरुमा अधिवेशन सम्पन्न भएको जानकारी प्राप्त हुन सकेको छैन । २०७१ माघ २७ गते बसेको सचिवालयको बैठकले विभिन्न कारणले पूर्व निर्धारित समयमा यस महासंघको तेश्रो राष्ट्रिय महाधिवेशन सम्पन्न हुन नसक्ने ठहर गरी खानेपानी, सरसफाइ तथा स्वच्छता राष्ट्रिय शिखर सम्मेलन तथा महासंघको तेश्रो राष्ट्रिय महाधिवेशन २०७१ फागुन २७ देखि २९ सम्म गर्ने निर्णय गरेका कारण बाँकी जिल्लाहरुको अधिवेशन २०७१ फागुन २० गतेसम्म गरिसक्न निर्देशन दिने र सो मितिसम्म हुन नसकेमा ति जिल्ला शाखाहरुलाई पर्यवेक्षकको रुपमा मात्र सहभागी गराइने निर्णय गरेको हुँदा सम्पूर्ण जिल्ला शाखाहरुले सम्बन्धित सचिवालय सदस्य (क्षेत्रीय समन्वयकर्ता तथा केन्द्रीय सदस्यहरुसँग परामर्श गरी २०७१ फागुन २० गतेभित्र जिल्ला अधिवेशन सम्पन्न गरी सो को जानकारी महासंघ केन्द्रीय कार्यालयमा पठाउनुहुन अनुरोध गरिन्छ ।

यस अघि नै जिल्ला अधिवेशन सम्पन्न गरिसकेका जिल्ला शाखाहरुले यस विधानको दफा १० को उपदफा १ अनुसार हुनेगरी गरी महाधिवेशन प्रतिनीधीको नामावली यही २०७१ फागुन २० गतेभित्रमा केन्द्रीय कार्यालयमा पठाउन अनुरोध गरिन्छ ।

**महाधिवेशन प्रतिनिधी पठाउँदा निम्नबमोजिमका कुराहरुमा ध्यान दिनुपर्ने छ ।**

१) विधानको दफा १० को उपदफा १ बमोजिम जिल्ला शाखाहरुले प्रतिनिधी संख्या निर्धारण गर्दा महासंघमा सदस्यको रुपमा आवद्ध भई नविकरण समेत गरी केन्द्रमा रहेको सदस्य संस्थाको अभिलेखलाई आधार मानिने छ ।

२) नविकरण हुन बाँकी रहेका सदस्य संस्थाहरुले २०७१ फागुन २० गते भित्रमा आ.व. २०७१/०७२ सम्मको सदस्यता नविकरण गर्नुपर्ने छ र त्यस्तो नविकरण दस्तुर र रसिद जिल्ला शाखाले पठाउने प्रतिनिधीको नामावलीसँगै वा रा.वा.बैंक महाराजगञ्ज चक्रपथ शाखाको ब.हि.नं. ११५००२१४२६१० मा पठाउन सकिने छ ।

३) प्रतिनिधी पठाउन जिल्ला शाखाको बैठकबाट निर्णय गरी निर्णयको प्रतिलीपीसमेत पठाउनु पर्ने छ ।

४) जिल्ला शाखाहरुले महाधिवेशन प्रतिनिधी पठाउँदा प्रतिनिधीको विवरणसहितको यसैसाथ संलग्न फाराम र २ प्रति पासपोर्ट साइजको फोटो र नागरिकता तथा परिचयपत्रको प्रतिलिपी पठाउनुपर्ने छ ।

राजेन्द्र अर्याल
राष्ट्रिय अध्यक्ष

बोधार्थ :

श्री रामबहादुर घिमिरे, क्षेत्रीय समन्वयकर्ता, पूर्वाञ्चल

श्री मन्दरा मिश्र क्षेत्रीय समन्वयकर्ता, मध्यमाञ्चल

श्री पार्वता तिवारी, क्षेत्रीय समन्वयकर्ता, पश्चिमाञ्चल

श्री कुलमणी देवकोटा क्षेत्रीय समन्वयकर्ता, मध्य पश्चिमाञ्चल

श्री चक्रप्रसाद शर्मा, क्षेत्रीय समन्वयकर्ता, सुदुर पश्चिमाञ्चल

(सम्बन्धीत जिल्लाहरुमा सम्पर्क तथा समन्वय गरी सदस्यता आवद्धता बृद्धि तथा नविकरण गरी तोकिएको मितिमा जिल्ला अधिवेशन सम्पन्न गराउनुहुन तथा प्रतिनिधीहरुको विवरण संकलनका लागि आवश्यक कार्य गर्नुहुन)